# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस बिज्ञप्ति

### भ्रामक समाचार सम्बन्धमा

हालै केही अनलाईन संचार माध्यममा नेपाल स्टक एक्सचेन्ज लि. को तथ्याङ्कको शुल्क सम्वन्धमा बोर्डबाट ६ गुना सम्म वृद्धि गरि स्वीकृत गरेको भन्ने तथ्यहिन तथा भ्रामक समाचार प्रकाशित भएकोमा यस सम्बन्धमा बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस सम्वन्धमा धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ (संशोधन सहित) को विनियम ३९क. मा धितोपत्रको कारोवार भए पश्चात उपलब्ध हुने तथ्याङ्क तथा जानकारी दिने सम्वन्धी कार्यलाई व्यवस्थित गर्न नेप्सेले कार्यबिधि बनाई लागू गर्न सक्ने र नेप्सेले बनाउने कार्यविधिमा धितोपत्रको कारोवार भए पश्चातको तथ्याङ्क तथा जानकारी उपलब्ध गराए बापत कुनै शुल्क लिने व्यवस्था भएमा त्यस्तो शुल्क बोर्डबाट स्वीकृत भए पछि मात्र लिन सकिने व्यवस्था बमोजिम नेप्सेबाट बोर्डमा पेश भएको नेपाल स्टक एक्सचेन्ज लिमिटेडको तथ्याङ्क प्रयोग सम्वन्धी कार्यविधि, २०७७ मा उल्लेखित शुल्कहरु उक्त लि. बाट स्वीकृतिका लागि बोर्ड समक्ष प्रस्ताव गरिए बमोजिम यथावत नै रहने गरि स्वीकृत गरिएको व्यहोरा जानकारी गराइन्छ ।

मिति : २०७९।०६।०९

तेज प्रसाद देवकोटा

(सहायक प्रवक्ता)


Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np